नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
फोन नं.: ५३२७५७४
बबरमहल, काठमाडौं, नेपाल

प्राप्त पत्र संख्या र मिति:-
पत्र संख्या: ०८२/०८३
च. नं.:- ९८६

(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।

मिति: २०८२/११/२९
नेपाल संवत्: ११४६ चिल्लागा नवमी

विषय : वन डढेलो व्यवस्थापन सप्ताह सम्बन्धमा ।

श्री पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश,
श्री वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेश,
श्री वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश,
श्री वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश,
श्री वन तथा वातावरण मन्त्रालय, लुम्बिनी प्रदेश,
श्री उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश,
श्री उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, सुदुरपश्चिम प्रदेश,
श्री वन निर्देशनालय, कोशी प्रदेश, बागमती प्रदेश, मधेश प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश, सुदुरपश्चिम प्रदेश,
श्री डिभिजन वन कार्यालय (८४ वटै)।

नेपालमा विगतका वर्षहरूदेखि नै वन डढेलोका घटनाहरू क्रमशः बढ्दै गएको देखिन्छ र जलवायु परिवर्तन जस्ता विश्वव्यापी चुनौतीका कारण आगामी दिनहरूमा समेत यस्ता घटनाहरूको जोखिम अझ बढ्न सक्ने आकलन गरिएको छ। वन डढेलोको कारण सामाजिक, आर्थिक तथा वातावरणीय क्षति समेत बढ्दै गएको देखिन्छ। यस परिप्रेक्ष्यमा वन डढेलो नियन्त्रण तथा व्यवस्थापनका लागि सम्बद्ध सबै सरोकारवाला निकायहरुको दृढ संकल्प, सक्रिय पहल, समन्वय र सहकार्य अत्यावश्यक भएको छ। वन डढेलोको विषय वन तथा वातावरण क्षेत्रसँग प्रत्येक्ष सरोकार राख्ने विषय भएकोले तहाँ निकाय तथा मातहतका कार्यालयहरूको भूमिका अत्यन्त महत्वपूर्ण हुने गर्दछ र विगतमा तहाँबाट भएको प्रयास प्रशंसनीय रहेको छ।

वन डढेलो नियन्त्रण तथा व्यवस्थापनको लागि देशव्यापी रुपमा जनचेतना लगायत वन व्यवस्थापनका कार्यक्रम सञ्चालन गर्नुपर्ने अपरिहार्यता भएको छ। सोही सन्दर्भमा, विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि चैत्र १ गतेदेखि ७ गतेसम्म **"वन डढेलो व्यवस्थापन सप्ताह"** सञ्चालन गर्ने निर्णय भएकोले **"वन डढेलो नियन्त्रणमा प्रभावकारिता: तीनै तहका सरकार र समुदायको सहभागिता"** भन्ने नारालाई आत्मसात् गरी आ-आफ्नो कार्यक्षेत्रमा उक्त सप्ताहका कार्यक्रमहरू आयोजना गर्न तथा सम्बन्धित सबै सरोकारवाला

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
फोन नं.: ५३२७५७४
(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।
बबरमहल, काठमाडौं, नेपाल

प्राप्त पत्र संख्या र मितिः-
पत्र संख्याः-
च. नं.:-

निकायहरूलाई समेत सहभागिताका लागि प्रोत्साहित गर्न अनुरोध गरिन्छ। साथै, सप्ताह अवधिमा वन डढेलोका कारण, जोखिम तथा न्यूनीकरणका उपाय सम्बन्धी जनचेतनामूलक कार्यक्रम, समुदाय तथा विद्यालयस्तरीय अभिमुखीकरण, प्रचार-प्रसार अभियान, जोखिमयुक्त क्षेत्रहरूमा अनुगमन, वन क्षेत्रमा अग्नी रेखा निर्माण र सरसफाइ कार्यक्रम तथा आवश्यकतानुसार वन डढेलो सम्बन्धि अन्य उपयुक्त गतिविधिहरू सञ्चालन गरी सप्ताहलाई प्रभावकारी रूपमा मनाउने व्यवस्था मिलाउन समेत अनुरोध छ।

धिरेन्द्र कुमार प्रधान
महानिर्देशक

बोधार्थ
श्री वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाण्डौ,
श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाण्डौ,
श्री सामुदायिक वन उपभोक्ता महासंघः सबै सामुदायिक वन उपभोक्ता समूहहरूलाई जानकारी गराइदिनु हुन अनुरोध ।
श्री साझेदारी वन उपभोक्ता महासंघः सबै साझेदारी वन उपभोक्ता समूहहरूलाई जानकारी गराइदिनु हुन अनुरोध ।